भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : २०८३/८४
चलानी नं. : २०३

मिति : २०८३-०६-०२
ने.सं - ११४६ ञलाथ्व, ७ शुक्रबार

विषयः <u>सूचना टाँस गरी जानकारी पठाउने सम्बन्धमा ।</u>

श्री वडा कार्यालयहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।

प्रस्तुत विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुकुमकोट, रुकुम (पूर्वी भाग) कार्यालयको पत्र संख्या २०८३/८४, चलानी नंम्बर २४ र मिति २०८३/०५/३० गते दिनको पत्रसाथ प्राप्त **विभिन्न कार्यक्रमहरुको आवेदन पेश गर्ने म्याद थप गरिएको सम्बन्धमा सूचना** (१५ दिने) त्यहाँ वडा कार्यालयको सूचनापाटीमा टाँस गरी वडाभित्र रहेका **कृषि उद्यमी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड**हरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

साथै उक्त सूचनाहरुको पाना २ (दुई) प्रति यसै पत्रसाथ संलगन गरी पठाइएको छ ।

२०८३/०६/०२

खमजङ खत्री
प्रमुख प्रशासकीय अधिकृत

खमजङ खत्री
प्रमुख प्रशासकीय अधिकृत

☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

नेपाल सरकार

कृषि,वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम (पूर्वी भाग)

कार्यक्षेत्र: (रुकुम पूर्वी भाग र रोल्पा)

प.सं. :२०८३/०८४

च.न.:

सूचना नं.०६/२०८३/०८४

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ रुकुम (पूर्वी भाग)

दोश्रो पटक प्रकाशित मिति:२०८३/०५/३०

## विभिन्न कार्यक्रमहरुको आवेदन पेश गर्ने म्याद थप गरिएको सम्बन्धमा

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम पूर्वको चालु आ.व.२०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु संचालनको लागि यस कार्यालयबाट मिति २०८३/०४/२८ गते सूचना (सूचना नं.०२/०८३/०८४) प्रकाशन गरी तोकिएका आवश्यक कागजातहरु सहित मिति २०८३/०५/२६ गते भित्र आवेदन पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि आव्हान गरिएकोमा,हाल यस क्षेत्रमा भइरहेको निरन्तर बर्षा र भौगोलिक विकटताका कारण आवेदकहरुलाई आवेदन पेश गर्न कठिनाई भइरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त कार्यक्रमका लागि मिति २०८३/०५/३० गते दोश्रो पटक प्रकाशन भएको सूचना देखि मिति २०८३/०६/१३ गते सम्म म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबै कृषक समुह/सहकारी/कृषि उद्यमी/फर्महरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।साथै रितपूर्वक पेश नभएका र तोकिएको म्यादपछि प्राप्त हुने आवेदनहरु उपर कुनै कारवाही नगरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल:-

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | इकाई | लक्ष्य | स्वीकृत वजेट (रु. लाखमा) | उपलव्ध हुने अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| रुकुम पूर्व र रोल्पा जिल्ला | | | | | | |
| १. | जोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | २० | बढिमा ५० % | |
| २. | प्राङ्गारिक मल/भर्मि कम्पोष्ट प्रवर्द्धन कार्यक्रम | पटक | २ | २.८ | बढिमा ५० % | |
| ओखर जोन क्षेत्र रुकुम पूर्वको लागि मात्र<br>सिस्ने गाउँपालिका वडा नम्बर- १, २, ४, ५, ६, ७ र ८ भुमे गाउँपालिका वडा नम्बर- २, ३, ५, ६, ७ र ८ पुथा उत्तरगंगा गाउँपालिका वडा नम्बर- १, २, ३, ५, ६, ७, ८, १०, ११, १२, १३ र १४ | | | | | | |
| १. | उन्नत प्रविधि सहित ओखर क्षेत्र विस्तार | हेक्टर | १७ | ५.३६ | बढिमा ५० % | |
| २. | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | संख्या | १० | १५ | बढिमा ८५ % | |
| आलु जोन क्षेत्र रुकुम पूर्वको लागि मात्र<br>सिस्ने गाउँपालिका वडा नम्वर:- ४, ५ र ६, भुमे गाउँपालिका वडा नम्वर:- १, २, ६ र ७, पुथा उत्तरगंगा गापालिका वडा नम्वर:- ८, १०, ११ र १२ | | | | | | |
| १. | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | संख्या | १० | १५ | बढिमा ८५ % | |

अर्जुन प्रसाद खनाल
बरिष्ठ कृषि अधिकृत
रा.प.द्वितिय (प्रा.)

☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

नेपाल सरकार

कृषि,वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम (पूर्वी भाग)

कार्यक्षेत्र: (रुकुम पूर्वी भाग र रोल्पा)

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ रुकुम (पूर्वी भाग)

प.सं. :२०८३/०८४

च.न.:

| क.स. | कार्यक्रम/क्रियाकलाप | इकाई | लक्ष्य | स्वीकृत वजेट (रु. लाखमा) | उपलव्ध हुने अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| २. | पिविएस वीउ खरिद तथा अनुदानमा वितरण | पटक | २ | ०.२२ | बढिमा ५० % | |
| ३. | आलुको बजारीकरण सहयोग (बोरा, प्याकेजिङ तथा ब्रान्डिङ्ग लगा यत) | पटक | १ | ०.३२ | बढिमा ५०% | |
| आलु जोन क्षेत्र रोल्पाको लागि मात्र<br>थवाङ गाउँपालिका वडा नम्बर :- सवै वडाहरु (१ देखी ५ सम्म),परिवर्तन गाउँपालिका वडा नम्बर :- १ र २, सुनछहरी गाउँपालिका वडा नम्बर:- १, २, ३ र ७, रोल्पा नगरपालिका वडा नम्बर:- ८, ९ र १० | | | | | | |
| १. | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | संख्या | १० | १५ | बढिमा ८५ % | |
| २. | पिविएस वीउ खरिद तथा अनुदानमा वितरण | पटक | १० | १.०७ | बढिमा ५० % | |
| मकै जोन क्षेत्र रोल्पाको लागि मात्र<br>रोल्पा नगरपालिका:- सवै वडाहरु (१ देखी १० सम्म),त्रिवेणी गाँउपालिका:- वडा नम्वर ७, सुनिल स्मृति गाउँपालिका वडा नम्वर:- २, ३ र ४ | | | | | | |
| १. | मकै वीउ उत्पादन | हेक्टर | २५ | ०.७१ | बढिमा ५०% | |
| रुकुम पूर्व जिल्लामा (ओखर र आलु जोनको कार्यक्षेत्र) र रोल्पा जिल्लामा (मकै र आलु जोनको कार्यक्षेत्र) | | | | | | |
| १. | चक्लाबन्दीमा आधारित खेति मार्फत उत्पादन बृद्धिका लागि सहयोग(land consolidation/crop consolidation)यन्त्र मैत्री गह्रा सुधार) | संख्या | ३ | ७.५ | बढिमा ५० % | |

<u>थप जानकारीका लागि</u>

कार्यक्रम कार्यान्वयन एकाइ,रुकुम पूर्व-०८८-४१३११४, विनोद शाही, ना.प्रा.स. ९७४६९३०९१७, पूर्ण बहादुर ओली, ना.प्रा.स. ९८६४३५५६१५

जोन प्राविधिक एकाइ, रोल्पा-०८६-४४०१८८, सन्तोष कोहार, कृषि अधिकृत, ९८५७८२६१८८ मा सम्पर्क गर्न सक्नु हुनेछ।

अर्जुन प्रसाद खनाल
बरिष्ठ कृषि अधिकृत
रा.प.द्धितिय (प्रा.)

“स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी”

“Invest in Domestic Production,
Path to Self-Sufficiency”